हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश नेपाल

पत्र संख्या :– २०८२/०८३
शाखा/महाशाखा :– शिक्षा विकास महाशाखा
चलानी नं. :– ४६५

मितिः- २०८२।११।२७

विषयः- रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका अन्तर्गत रहेको श्री संस्कृत वेद विद्यालय, हेटौंडा-१०, गोरक्षश्वर दिव्यधाममा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च.नं. ५८, मिति २०८२।११।१५ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

हरिचन्द्र सापकोटा
अधिकृतस्तर आठौं

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना sanskritvedvidyalaya31@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।(प्र.अ. सम्पर्क नं. ९८४५२०९१५२)
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।
३. संस्कृत विद्यालय भएकाले संस्कृत विषय अध्यापन गर्ने शिक्षक भए उपयुक्त हुने ।

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौंडा ।
२. श्री सूचना प्रविधि शाखा, हेटौंडा उपमहानगरपालिका : सूचना वेबसाइटमा सम्प्रेषण गर्नुहुन ।